श्री
# रौतहट जिल्ला अदालत
गौर
(प्रशासन शाखा)

पत्र संख्या :-०७८/०७९
चलानी नं.:-
प्राप्त पत्र संख्या :-

फोन नं.:- चेम्बर ०५५-५२०१०१
स्रेस्तेदार ०५५-५२०११२
ई-मेल:-
admin.dcrautahat@supremecourt.gov.np
गौर, रौतहट ।
मिति :- २०७८/१०/११ गते

## सूचना

विद्यमान नेपालमा कोरोना भाईरस(कोभिड-१९) को नयाँ भेरियन्ट ओमिक्रोन लगायतका विभिन्न भेरिएन्टका कारण उत्पन्न विषम् र असहज परिस्थिति उत्पन्न भई अदालतमा कार्यरत जनशक्तिमा संक्रमण फैलिन नदिन र त्यसको रोकथाम तथा नियन्त्रणका लागि यस अदालतबाट सम्पादन हुने कामकारवाही तथा प्रवाह हुने सेवा समेतमा संकुचन ल्याउने गरी यस अदालतको मिति २०७८।१०।११ गतेको पूर्ण बैठकबाट आजैका मिति देखि २०७८।१०।२१ गतेसम्म तपसील बमोजिम गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसीलका सेवाहरु प्रवाह गर्नेः</u>

१.मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५ बमोजिमको निवेदन ।

२.बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञा निवेदन दर्ता र सुनुवाई ।

३.अभियोगपत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तहरुको बयान लिने, थुनछेक आदेश, बहस सम्बन्धी कार्य। अदालतमा अभियुक्त पेस गरिदा तत्काल गरिएको PCR Negative Report, फरार रहेका प्रतिवादी हाजिर भए बयान थुनछेक लगायतको कार्य र अंग पुगेका थुनुवा मुद्दा तथा म्याद थप लगायतको कार्य।

४. सजाय निर्धारण, फैसला लेखन ।

५. मुद्दाहरुको मिलापत्र, फिर्ता सम्बन्धी कार्य ।

६. नाबालिक अभिभावकको जिम्मा लगाई पाउँ भन्ने सम्बन्धी निवेदन ।

७. फैसला अनुसारको लगत कायम र लगत सम्बन्धी कार्य ।

८. विशेष प्रकृतिका निवेदनहरु दैनिक ५ वटा सम्म ।

९.अभियोगपत्रसाथ पेस भएका दशीका सामानहरु फिर्ता दिने,

१०. अन्तिम हदम्याद बाँकी रहेका बाहेक अन्य फिराद पत्रको हकमा टोकन लिई १५ वटा सम्म दर्ता गर्ने, साथै अन्तिम म्याद भएका प्रतिउत्तर र लिखित जवाफ दर्ता गर्ने ।

११. अन्य साधारण र पेसी तारेखको कार्य अनिवार्य मास्क लगाई प्रवेश विन्दुमा स्वास्थ्य जाँच गराई आएमा तारेखका काम नियमित गर्ने ।

१२. बकपत्रको तारेख तोकिएकोमा साक्षी हाजिर गराई आवश्यकता अनुसार बकपत्र गराई वा पुनः समय मिलाई अर्को मितिको तारेख तोकिन सकिने ।